गाउँपालिका निर्देशिका नं. ४

# व्यवसाय कर संकलन निर्देशिका-२०७५

गाउँ कार्यपालिकाबाट स्वीकृत मिति २०७५/०२/०१

*भूमे गाउँपालिका*
*रुकुम (पूर्वी भाग)*
*५ नं. प्रदेश, नेपाल*

# व्यवसाय कर संकलन निर्देशिका, २०७५

**प्रस्तावना :**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा उल्लेखित व्यवसाय कर सम्बन्धी व्यवस्था र गाउँपालिका क्षेत्रभित्रका व्यापार, व्यवसाय र पेशामा व्यवसाय कर लगाई असूल गर्ने कार्यलाई सरल, वैज्ञानिक र तजविजी अधिकार सहित बनाउन वाञ्छनीय भएकोले,

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी भूमे गाउँ कार्यपालिकाले मिति २०७५/०२/०१ मा यो निर्देशिका स्वीकृत गरी लागु गरेको छ ।

१. **व्यवसाय दर्ता गरी व्यवसाय संचालन गर्नुपर्ने :** भूमे गाउँपालिका क्षेत्रभित्र कुनैपनि व्यवसाय संचालन गर्नु अघि यस निर्देशिका बमोजिम व्यवसाय दर्ता गर्नु पर्नेछ ।

२. **व्यवसाय दर्ताको लागि दरखास्त दिने र दर्ता गर्ने :**(क) गाउँपालिका क्षेत्रभित्र कुनै व्यवसाय दर्ता गर्न चाहने व्यक्तिले अनुसूची-१ मा उल्लेखित ढाँचाको दरखास्त फाराम कार्यालयमा दिन सक्नेछ । यस्तो फाराममा देहायका कुराहरु खुलेको हुनुपर्छ

(क) व्यवसायको नाम,

(ख) व्यवसाय रहने ठेगाना

(ग) व्यवसायको प्रकृति : उद्योग, व्यापार, सेवा, पेशा

(घ) व्यवसायले कारोबार गर्ने मुख्य वस्तु सेवा तथा कामको विवरण

(ङ) स्थीर पूँजीगत लगानी

(च) व्यवसायीको नाम, ठेगाना र बाबु, बाजेको नाम

(छ) व्यवसाय रहने घरधनी/जग्गाधनीको नाम

(ज) समय समयमा गाउँपालिकाले तोकिदिएको अन्य विवरणहरु

(झ) व्यवसायीको नागरिकता वा स्थानीय कर इजाजत नम्वर

(ञ) अन्यत्र व्यवसाय दर्ता, इजाजत प्राप्त भएको भए साको विवरण तथा इजाजत, दर्ता प्रमाणपत्र नम्वर ।

(ख) निवेदन प्राप्त भएपछि कार्यालयले यस उपर आवश्यक जाँचबुझ समेत गरी निर्धारण भए बमोजिमको वार्षिक कर एवं अन्य दस्तुरहरु लिई व्यवसाय दर्ता गर्नेछ । साथै व्यवसाय दर्ता भएपछि गाउँ कार्यपालिकाको कार्यालयले दर्ता भएको व्यवसायको विवरण अनुसूची-२

बमोजिमको व्यवसाय कर दर्ता कितावमा उल्लेख गरी निवेदकलाई अनुसूची-३ को ढाँचामा व्यवसाय कर दर्ता प्रमाण पत्र उपलब्ध गराउनेछ ।

३. **छुट्टा छुट्टै व्यवसाय दर्ता गराउनु पर्ने :**

एकै व्यक्तिको नाममा एउटै उद्देश्य भएको एक भन्दा वढी स्थानमा व्यवसाय व्यसाय संचालन गर्नुपर्ने भएमा निर्देशिकाले छुट्टै व्यवस्था गरेको वा प्रचलित कानूनमा अन्यथा व्यवस्था गरेको अवस्थामा वाहेक छुट्टा छुट्टै व्यवसाय दर्ता गराउनु पर्नेछ ।

तर शाखा वा थप कारोवार स्थलको लागि लाग्ने कर एकमुष्ठ तिरी विभिन्न स्थानमा संचालित व्यवसाय वा शाखाहरु एउटै प्रमाणपत्रमा खुलाउने गरी व्यवसाय दर्ता गर्न यस बुँदाले बाधा पु-याएको मानिने छैन ।

४. **कर बुझाउने दायित्व :**कर बुझाउने दायित्व यस निर्देशिकाको बुँदा नं. २ बमोजिकको व्यवसाय दर्ता भएको व्यक्ति वा निजको प्रतिनिधिको हुनेछ । तर कुनै व्यवसाय एक भन्दा बढी व्यक्तिको नाममा संयुक्त दर्ता भएको रहेछ भने सो मध्ये कुनै पनि व्यक्तिलाई कर बुझाउन बाध्य गर्न सकिनेछ ।

५. **व्यवसायको नविकरण गर्नुपर्ने :**बुँदा नं. २ बमोजिम दर्ता भएको व्यवसाय आर्थिक वर्ष शुरु भएको ३५ दिनभित्र वार्षिक कर अग्रिम रुपमा तिरी प्रत्येक आर्थिक वर्षको लागि व्यवसाय नविकरण गर्नुपर्नेछ ।

६. **विवरण हेरफेर गर्नुपर्ने भएमा अनुमति लिनुपर्ने :**बुँदा नं. २ बमोजिम व्यवसाय दर्ताको लागि पेश गरिएको निवेदनमा उल्लेखित विवरणहरु मध्ये केही कुरा हेरफेर गर्नुपर्ने भएमा १५ दिनभित्र सोको जानकारी सम्बन्धित वडा कार्यालयमा दिनुपर्नेछ ।

बुँदा नं. (५) बमोजिम निवेदन परेमा सम्बन्धित वडा कार्यालयले आवश्यक जाँचबुझ समेत गरी संशोधित प्रकृतिको व्यवसायको तोकिएको कर र विवरण हेरफेर गरेवापत रु २००/- थप दस्तुर लिई विवरण संशोधन गरीदिनु पर्नेछ र सो व्यहोरा दर्ता किताव र प्रमाणपत्रमा समेत उल्लेख गरिदिनु पर्नेछ ।

७. **व्यवसायको नाम परिवर्तन गर्ने सम्बन्धमा** : व्यवसायको प्रकृति, कारोवार गर्ने वस्तु तथा सेवाको किसिम एवं व्यवसायको नाम आदि परिवर्तन गर्नुपरेमा नयाँ प्रकृतिको व्यवसायको कर साविकको करको दरभन्दा बढी लाग्ने भएमा सो फरक रकम समेत असूल गर्नुपर्नेछ ।

८. **साझेदार थपघट र ठाउँसारी गर्नुपरेमा स्वीकृति लिनुपर्ने :** (क) एक व्यक्ति वा एक भन्दा बढी व्यक्तिको नाममा दर्ता कायम भएको व्यवसायमा साझेदार थपघट गर्नु परेमा आवश्यक कागजात समेत संलग्न राखी सम्बन्धित वडामा निवेदन दिनुपर्नेछ । त्यसरी निवेदन परेमा सम्बन्धित कार्यालयले आवश्वयक जाँचबुझ गरी चालु आर्थिक वर्ष सम्मको कर असुल गरी

वार्षिक करको दरमा २५ प्रतिशत वा रु ५०० मध्ये जुन बढी हुन्छ सो थप दस्तुर समेत लिई साभ्फेदा। थप गरिदिनु पर्नेछ ।

(ख) गाउँपालिका क्षेत्रभित्र एक स्थानमा संचालनमा रहेको पेशा व्यवसाय गाउँपालिकाकै अर्को स्थान⁄वडामा ठाउँसारीको लागि निवेदन परेमा सम्बन्धित कर अधिकृतले आवश्यक जाँजबुझ गरी चालु आर्थिक वर्षसम्मको कर असुल गरी कार्यालयमा भएको व्यवसायको लगत खारेजको सिफारिस जनाई सम्बन्धित वडा कार्यालयलाई पत्राचार गर्नु पर्नेछ । यसरी सिफारिस प्राप्त भएकोमा ठाँउसारी हुने वडा कार्यालयले व्यसाय दर्ता विवरणमा ठाउँसारी जनाई साविकको वडा कार्यालयमा ठाउँसारीको जानकारी दिनु पर्नेछ ।

(ग) ठाउँसारी भएको जनाउ प्राप्त भएपछि सिफारिस गर्ने वडा कार्यालयले आफ्नो व्यसायको लगत किताबमा ठाउँसारी जनाई लगत खारेज गर्नुपर्नेछ ।

(घ) लगत खारेजको सिफारिस भएपछि तोकिएको समयभित्र सम्बन्धित कार्यालयमा गई व्यवसायको दर्ता लगत कायम गर्नु करदाताको कर्तव्य हुनेछ ।

(ङ) ठाउँसारी गर्न चाहने करदाताले ठाउँसारी भई जाने व्यवसाय रहने ठेगानाको कर बुझाउनु पर्ने कार्यालयमा ठाउँसारीको लागि निवेदन पेश गरेपछि कार्यालयले आवश्यक जाँचबुझ गरी रु ५०० दस्तुर लिई सो व्यहोरा दर्ता प्रमाणपत्रमा समेत खुलाई व्यवसायको ठाउँसारी गरिदिनु पर्नेछ ।साथै ठाउँसारी भई आउने व्यवसायीको लगत खडा गर्ने कर्तव्य सम्बन्धित कार्यालयको हुनेछ ।

९. **कार्यालयले विवरण माग गर्ने र निर्देशन दिन सक्ने :** (क) कुनै खास पेशा, व्यवसाय वा व्यपारको सम्बन्धमा केही कुरा बुझ्न आवश्यक ठानेमा कार्यालयले थप विवरण माग गर्न सक्नेछ । यसरी माग गरिएको विवरण उपलब्ध गराउने कर्तव्य सम्बन्धित करदाताको हुनेछ । विवरण उपलब्ध नगराएमा कार्यालयले सम्बन्धित पेशा तथा व्यवसाय स्थलमा गई आवश्यक जाँचबुझ गर्न सक्नेछ ।

(ख) यस निर्देशिका बमोजिम दर्ता भएका पेशा, व्यवसाय संचालन गर्दा सामाजिक सदाचार कायम राख्नु पर्नेछ । यस सम्बन्धमा कार्यालयले दिने निर्देशनको पम्बन्धित करदाताको पालना गर्ने गराउने दायित्व सम्बन्धित करदाताको हुनेछ ।

१०. **व्यवसाय संचालनको अनुमति लिनु पर्ने** : (क) गाउँपालिकामा व्यवसाय दर्ता गरिसकेपछि अन्य सम्बन्धित निकायबाट प्रचलित नेपाल कानून बमोजिम अनुमति लिनुपर्ने कानूनी प्रावधान भएका पेशा, व्यवसाय संचालन गर्न पूर्व सम्बन्धित निकायबाट अनुमति लिनु पर्ने दायित्व करदाताको हुनेछ ।

(ख) यस निर्देशिका बमोजिम गाउँपालिका क्षेत्रभित्र कर प्रयोजनका लागि व्यवसाय दर्ता भएको आधारमा मात्र कुनै पनि पेशा, व्यवसाय संचालन गर्ने अनुमति पाएको मानिने छैन ।

**११. व्यवसाय दर्ता खारेज गर्न सकिने :**(क) यस निर्देशिका बमोजिम कर लाग्ने व्यवसाय दर्ता भएपछि दर्ता खारेजीको निवेदन नपरेसम्म सो व्यवसाय चालु रहेको मानिनेछ । निवेदन पर्नु भन्दा अघिसम्म व्यवसाय संचालनमै रहेको मानी कर निर्धारण गरी कर असुल उपर गरिनेछ ।

(ख) ऐन, नियमावली र यस निर्देशिका बमोजिम दर्ता भएको व्यसाय बन्द गर्न चाहेमा मनासिब कारण खोली करदाताले सम्बन्धित कार्यालयमा निवेदन दिनु पर्नेछ । निवेदन प्राप्त भएपछि कार्यालयले आवश्यक जाँजबुझ गरी चालु आर्थिक वर्षसम्मको कर रकम र व्यवसाय खारेजीको लागि लगत कट्टा  वापत लिईने सेवा शुल्क समेत असूल गरी लगत कट्टा गरिदिनु पर्नेछ ।

(ख) प्रचलित कानून विपरितको कारोबार पेशा संचालन गरेमा र व्यवसाय संचालन सम्बन्धमा कार्यालयले दिएको निर्देशन बारम्बार उलंघन गरेमा कार्यालयले व्यवसायको दर्ता खारेजी गरी बाँकी बक्यौता कर तथा जरिवाना सरकारी बाँकी सरह करदाताबाट असूल गर्नेछ । तर यस निर्देशकामा जुनसुकै कुरा लेखिएको भएतापनि व्यवसाय खारेज वा लगत कट्टा गर्नु पूर्व करदातालाई सफाई पेश गर्ने पर्याप्त मौका दिनु पर्नेछ ।

(ग) यस निर्देशिकाको ९ (क) बमोजिम कार्यालयले व्यवसाय दर्ता खारेज गरेमा व्यवसाय सम्बद्ध करदाताको नाममा गाउँपालिकामा ३ वर्षसम्म कुनैपनि व्यवसाय दर्ता गरीसंचालन गर्न नपाउने व्यवस्था गर्न सकिनेछ । साथै त्यस्ता करदाताको विवरण सार्बजनिक गरिनेछ ।

**१२. जरिवाना तथा थप दस्तुर लाग्ने :** (क) ऐन, नियमावली तथा यस निर्देशिकामा तोकिएको समयभित्र कर नबुझाएमा कर बुझाउने दायित्व भएको आर्थिक वर्षको लागि सम्बन्धित आर्थिक वर्षको अन्तसम्मको लागि लाग्ने करमा ५ प्रतिशत जरिवाना लिई असूल गरिनेछ । तर ऐन, नियमावलीमा उल्लेख भएको जरिवानाको हकमा सोही बमोजिम हुनेछ ।

(ख) एक आर्थिक वर्ष समाप्त भएपछि पनि कर नबुझाएमा कार्यालयले प्रत्येक आर्थिक वर्षको लागि लाग्ने कर रकमको वार्षिक १० प्रतिशतका दरले जरिवाना लगाई कर तथा जरिवाना रकम असूल उपर गरिनेछ ।

**१३. कर छुट तथा मिन्हा दिने सकिने :** (क) गाउँपालिका क्षेत्रभित्र संचालित व्यवसायहरु सबैलाई करको दायरामा ल्याउने उद्देश्यले गाउँपालिकाले संचालन गर्ने कर टोली खटिने अवधि, कुनै खास प्रकृतिको पेशा तथा व्यवसायमा गाउँ कार्यपालिकाबाट निर्णय गराई आशिंक कर छुट वा जरिवाना मिनाहा वा दुवै सहुलियत दिन सकिनेछ । तर छुट तथा मिनाहाको व्यवस्था गर्दा निश्चित अवधि तोक्नुपर्नेछ ।

**१४. प्रतिलिपि दिन सक्ने :** व्यवसायको दर्ता प्रमाणपत्र हराएमा, च्यातिएमा, नविकरण गर्ने महल खाली नभएमा वा यस्तै अन्य कारणले प्रमाणपत्र उपलब्ध गराउनु पर्ने भएमा यस सम्बन्धमा बडाले आवश्यक जाँचबुझ गरी प्रतिलिपि दस्तुर लिई नयाँ प्रतिलिपि प्रमाणपत्र जारी गर्न सक्नेछ ।

१५. **व्यवसाय संचालन नभएको सिफारिस दिन सक्ने** : प्रचलित कानून बमोजिम दर्ता भएका व्यवसाय संचालन नै नभएकाले सोको व्यहोरा सम्बन्धित निकायमा सिफारिसको लागि कार्यालयमा निवेदन पर्न आएमा सो सम्बन्धमा आवश्यक जाँचबुझ गरी सो व्यहोरा प्रमाणित भएमा त्यस्ता प्रकृतिका व्यवसायमा लाग्ने वार्षिक करको २५ प्रतिशत वा रु ५०० मध्ये जुन बढी हुन्छ सोही बराबरको दस्तुर लिई माग बमोजिमको व्यहोराको सिफारिस उपलब्ध गराउन सकिनेछ ।

१६. **व्यवसाय दर्ता/नविकरण नगरी संचालन गरेमा कारवाही हुने :** (क) प्रचलित कानून र यस निर्देशिका बमोजिम दर्ता नगरी कुनै पनि व्यवसाय गाउँपालिका क्षेत्रभित्र संचालन गरेको पाइएमा कार्यालयले सम्बन्धित व्यवसायीलाई १५ दिनको म्याद दिई व्यवसाय दर्ता गर्नको लागि पत्राचार गर्नु पर्नेछ ।

(ख) व्यवसाय दर्ताका लागि जनाउ दिएको मितिले १५ दिनभित्र कार्यालयमा गई व्यवसाय दर्ता नगरेमा सम्बन्धित व्यक्तिको हकमा गाउँपालिकाबाट प्रवाह हुने सबै किसिमका सेवा सुविधाहरु बन्द गरिनेछ । यसरी सेवा सुविधा रोक्का राखेपछि पनि ३ महिनाभित्र व्यवसाय दर्ता नविकरण नगरी व्यवसाय संचालन गरेमा सम्बन्धित कार्यालयले कर तिर्न अटेर गर्ने व्यवसायीको व्यवसाय बन्द गरी लाग्ने कर, जरिवाना र अन्य दस्तुर प्रचलित कानून बमोजिम असुल उपर गर्नेछ ।

१७. **थपघट, हेरफेर वा संशोधन :**कार्यपालिकाले यस निर्देशिकालाई आवश्यकता अनुसार थपघट वा हेरफेर वा अनुसूचीमा संशोधन गर्न सक्नेछ ।

१८. **वाधा अडकाउ फुकाउने अधिकार :** (क) यस निर्देशिका कार्यान्वयनको सिलसिलामा कुनै वाधा अडकाउ परेमा सो फुकाउने अधिकार गाउँ कार्यपालिकाको हुनेछ ।

(ख) तर प्रचलित ऐन, नियम र यस निर्देशिकाको मूलभूत कुरालाई असर गर्ने गरी बमोजिमको बाधा अडकाउ फुकाउने अधिकारको प्रयोग गर्न सकिने छैन ।

१९. **यसै बमोजिम भए गरेको मानिने :** यो निर्देशिका स्वीकृत हुनुपूर्व गाउँ कार्यपालिकाबाट सम्पादन भएका कार्यहरु यसै निर्देशिका अनुरुप भए गरेको मानिनेछ ।

निर्देशिकाको बुँदा नं. २ को (क) सँग सम्बन्धित

अनुसूचि-१

**भूमे गाउँपालिका**

# गाउँ कार्यपालिकाको कार्यालय

**रुकुम (पूर्व)**

**५ नं. प्रदेश, नेपाल**

श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू

भूमे गाउँ कार्यपालिकाको कार्यालय

रुकुम (पूर्व)

विषय : व्यवसाय दर्ता/नवीकरण गर्न र परिचय पाटी राख्न अनुमती पाउँ ।

मैले/हामीले निम्न स्थानमा.......................................................व्यवसाय दर्ता/नवीकरण गर्न लागेकोले आवश्यक कागजात सहित दरखास्त गर्न आएको छु/छौं । स्थानीय सरकार संचालन ऐन, २०७४, दफा ५८ बमोजिम लाग्ने व्यवसाय कर साथै गाउँपालिकाबाट समय समयमा दिईने आदेश/निर्देशन समेत पालन गर्न मञ्जुर छु/छौ । साथै मैले/हामीले पेश गरेको कागजात तथा विवरणहरु ठीक साँचो रहेको र फरक परे कानून बमोजिक कारवाही भएमा मञ्जुर छु/छौं ।

१. व्यवसायको नाम, थर : ..................................................................

(फर्म कम्पनीको हकमा मुख्य व्यक्तिको नाम)

२. स्थायी ठेगाना : .................................. जिल्ला :.........................गाउँपालिका :............

वडा नं. :.................. मार्ग :........................................घर नं. :.............................

३. बाबुको नाम, थर : ..........................................................................

४. व्यसाय रहने स्थानको ठेगाना : वडा नं. :.................... मार्ग :.................घर नं. :.......

पसल संकेत नं. :......... पोष्ट बक्स नं. :............ वेभसाइट :.....................................

५. सम्पर्क नं. :............................... फ्याक्स :......................इमेल :.........................

---

६. भाडामा रहेको भए व्यवसाय रहने घर/जग्गा धनीको नाम, थर :....................................

७. ठेगाना :.................................... वडा नं. :...............मार्ग :................घर नं. :....

८. व्यवसायको विवरण/पकृति :.....................................९. पूँजीगत लगानी रु ..............

१०. फर्म/कम्पनीको नाम :..............................................................................

११. परिचय पाटीको साइज : (लम्वाई :..................चौडाई :................वर्गफिट :...............)

१२. अन्यत्र दर्ता भएको भए, दर्ता नं. :...................................../कार्यालय :.......................

---

१३. संलग्न गनुपर्ने कागजातहरु :

आफ्नै घर भए जग्गा धनी प्रमाण पत्रको प्रतिलिपि-१, भाडामा बस्ने भए भाडा रकम र भुक्तानी तरिका समेत खुलेको वहाल सम्झौतापत्र-१, नागरिकता प्रमाणपत्रको प्रतिलिपि-१, विदेशी नागरिकको हकमा नेपालस्थित राजदुतावासबाट व्यवसायीको नाममा जारी कागजात-१, करदाताको हालसालैको पासपोर्ट साईजको फोटो-२ प्रति, फर्म कम्पनी भएमा दर्ता, इजाजत प्रमाणपत्र र आन्तरिक राजश्व कार्यालयमा अघिल्लो आ.व.सम्मको कर तिरेको करदाता प्रमाणपत्रको प्रतिलिपि ।

.......................................

मिति :.......................................... निवेदकको दस्तखत

---

**कार्यालय प्रयोजनका लागि मात्र :-**

निवेदन दस्तुर :........................दर्ता दस्तुर :....................व्यवसायकर :...............................

परिचय पाटी दस्तुर : ............................. जरिवाना :........................जम्मा :.....................

व्यवसाय प्रमाण पत्र नं. : ......................

| | | |
|---|---|---|
| ......................... | ................................. | ................................. |
| पेश गर्ने | ठीक छ भनी प्रमाणित गर्ने | स्वीकृत गर्ने |

मिति : ..................................................

निर्देशिकाको बुँदा नं. २ को (ख) सँग सम्बन्धित

अनुसूची-३

# भूमे गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

**.................., रुकुम (पूर्व)**
**५ नं. प्रदेश, नेपाल**

## व्यवसाय दर्ता प्रमाण-पत्र

**करदाता नं.:...........**
**दर्ता मिति :**
**प्रमाण-पत्र नं. :**

**...............................जिल्ला...............................गाउँपालिका/नगरपालिका .................नं.वडा ..................................टोल/गाउँ वस्ने श्री ...........................................................................................................................................**
**लाई स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ बमोजिम निम्न विवरण अनुसारको व्यवसाय दर्ता गरी यो प्रमाण-पत्र जारी गरिएको छ ।**

**व्यवसाय/फर्मको नाम : ....................................................................**
**व्यवसाय रहने स्थान : भूमे गाउँपालिका, वडा नं............बाटोको नाम : ............................**
**घर नं............................ टोल ......................................................**
**व्यवसाय रहने घर/जग्गा धनीको नाम : ............................................................................**
**व्यवसायको पकृति : ............................................ प्यान नं. .........................................**
**सम्पर्क नं. ........................................**

..................................
**करदाताको हस्ताक्षर**

......................................
**स्वीकृत गर्नेको हस्ताक्षर**

**<u>ध्यान दिनुपर्ने कुराहरु :</u>**

१. प्रत्येक आर्थिक वर्षको लागि तोर्किएको वार्षिक कर सम्बन्धित कार्यालयमा गई उक्त आ.व.को ३५ दिन भित्र बुझाई प्रमाणपत्र नविकरण गर्नुपर्नेछ। गाउँपालिकाबाट व्यवसाय कर टोली खटाईएको अवस्थामा व्यवसायीको कार्यस्थलमै व्यवसाय प्रमाणपत्र नविकरण गर्न सकिने छ।

२. व्यवसाय गरी आएको स्थान परिवर्तन गर्न परेमा गाउँपालिकाको पूर्व स्वीकृति लिनुपर्नेछ।

३. व्यवसाय बन्द गर्नु परेमा करदाताले सम्बन्धित कार्यालयबाट व्यवसाय बन्द भएको जनाउ पत्र अनिवार्य रुपमा लिनुपर्ने छ। अन्यथा व्यवसाय चालु नै रहेको मानी साल बसाली रुपमा कर लाग्नेछ।

४. यो प्रमाणपत्र व्यवसाय गरेको स्थानमा सवैले देखिने गरी राख्नु पर्दछ र गाउँपालिकाको सम्बन्धित कर्मचारीहरुले हेर्न चाहेका बखतमा तुरुन्त देखाउनु पर्नेछ।

५. कुनै पनि किसिमको व्यवसायीक गतिविधिमा बाल श्रमिकहरु प्रयोग गर्न पाइने छैन। यदि सो गरेको पाईएमा प्रचलित कानून बमोजिम कारवाही गरी व्यवसाय दर्ता खारेजी समेत गर्न सकिनेछ।

६. व्यवसायबाट उत्पादन हुने फोहरमैला उचित व्यवस्थापन गर्ने दायित्व करदाताको हुनेछ।

७. व्यवसाय संचालनको सिलसिलामा गाउँपालिकाबाट समय समयमा दिने निर्देशनको पालना गर्नु करदाताको कर्तव्य हुनेछ।

८. उल्लेखित शर्तनामाहरु पालना नगरेको खण्डमा गाउँपालिकाले जुनसुकै बखतमा पनि यो प्रमाणपत्र रद्द गरी व्यवसाय बन्द समेत गर्न सक्नेछ।

९. यो प्रमाणपत्र कर प्रयोजनको लागि जारी गरिएको हो । कुनै पेशा वा व्यवसाय संचालन गर्नुपर्ने भएमा प्रचलित कानून बमोजिम अनुमति लिएर मात्र संचालन गर्नुपर्नेछ।